# "कालिका गाउपालिका छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि," २०८३

**प्रस्तावना :**

एकाइसौं शताव्दिमा शिक्षा प्रतिस्पर्धि गुणस्तरीय हुनुपर्ने परिपेक्षमा कालिका गाउँपालिकाले यस पालिका भित्रका बालबालिकाहरुमा गुणस्तरीय शिक्षा विज्ञान र प्रविधि विषयमा पहुँच बढाउन उच्च शिक्षा क्षेत्रमा अनुसन्धानात्मक कार्यमा लागेका सरकारी विद्यालय तथा सामुदायिक विश्वविद्यालयहरु अध्ययनरत विपन्न जेहेन्दार अनाथ दलित तथा विपन्न विद्यार्थीहरु अन्यत्रबाट कुनै सहयोग नपाएकालाई सहयोग पुग्नेगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा१०२को उपदफा१ र कालिका गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५को दफा ४समेतले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको हो।

**१.संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम **कालिका गाउँपालिकाको छात्रवृति वितरण सम्बन्धी कार्यविधि, २०८३**

ख) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरेपछि लागु हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्छ।

ख. कोष भन्नाले छात्रवृति प्रोत्साहन कोष सम्झनु पर्छ।

ग. गाउँपालिका भन्नाले कालिका गाउँपालिका सम्झनु पर्छ

घ. सभा भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सञ्चालनहुने गाउँ सभालाई सम्झनु पर्छ ।

ङ. स्थानीय तह भन्नाले जिल्ला समन्वय समिति नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

च. कर्मचारी भन्नाले कालिका गाउँपालिकामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ।

छ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले कालिका गाउँकार्यपालिकामा कार्यरत प्रमुख प्रशासकीय अभिकृतलाई सम्झनु पर्छ।

ज. मन्त्रालय भन्नाले  संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा प्रदेश मन्त्रालयलाई सम्झनु पर्छ।

झ. प्रदेश मन्त्रमलय भन्नाले बागमति प्रदेशको मन्त्रालयलाई सम्झनु पर्छ।

ञ. विद्यालय भन्नाले सामुदायिक विद्यालय सम्झनु पर्छ।

ट. प्राविधिक धार भन्नाले विज्ञान इन्जिनियरिङ सिपमुलक कोर्ष स्वास्थ्य क्षेत्रका विषय भन्ने सम्झनु पर्छ।

ठ. विपन्न भन्नाले आर्थिक हिसावले पछिपरेका समूह भन्ने सम्झनु पर्छ।

ड. संरक्षक भन्नाले बालबालिकाको संक्षण गरी पठन पाठन लालन पोषणमा सहयोग गर्ने अभिभावक सम्झनु पर्छ यसमा बालबालिका गैर दलित भए पनि संरक्षकत्व गर्ने व्यक्ति दलित छ भने त्यस्ता बालबालिकाले दलित बालबालिकाले पाएको सुविधा पाउन सक्नेछन भन्ने बुझ्नु पर्छ।

ढ. प्रोत्साहन भन्नाले विपन्न बालबालिकालाई उच्च शिक्षा हासिल गर्न उपलव्ध गराउन कोठा भाडा दैनिक खाना खर्च अनुसन्धनात्मक कार्य तथा अतिरिक्त कक्षा लिन सहयोग अनुदान भन्ने सम्झनु पर्छ।

ण. उच्च शिक्षा भन्नाले विद्यालय शिक्षा पछि अध्ययन गरीने विश्वविद्यालय शिक्षा भन्ने बुझ्नु पर्छ।

त. समिति भन्नाले कालिका गाउँकार्यपालिकाद्वारा गठित छात्रवृति समिति भन्ने बुझ्नुपर्छ।

थ. भता प्रोत्साहन वितरण कार्यमा बैठकमा सहभागी हुदा दिइने सेवा वापतको रकम भन्ने बुझ्नु पर्छ।

द. अनुगमन पालिका भित्र रहेको अनुगमन गर्ने समिति भन्ने बुझ्नु पर्छ।

**३.कार्यविधिको उद्देश्यः**

यस कार्यविधिको प्रमुख उद्देश्य कालिका गाउँपालिका भित्र वसोबास गरीरहेका दलित जेहन्दार, असहाय तथा विपन्न परिवारका बालबालिकाहरुको सामुदायिक विद्यालय तथा उच्च शिक्षामा पहुँच बढाउन सामुदायिक विद्यालयहरुबाट एस. ई. ई मा उच्चस्थान प्राप्त गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्न अनुसन्धानात्मक कार्यमा सहयोग, गर्न प्रोत्साहन विशेष सहयोग शिक्षकको अतिरिक्त कक्षाबाट

कक्षा लिन, क्षमता विकास गर्ने कार्यका लागि विद्यालय तथा उच्च शिक्षामा नियमित कक्षामा सहभागी हुन कालिका गाउँपालिकामा शिक्षाको स्तर उकास्ने कार्यमा सहयोग गर्न यो छात्रवृति उपल्ब्ध गराउनुको उद्देश्य रहेको छ।

**४. छात्रवृति वितरण समिति:**

क. गाउँशिक्षा समितिको अध्यक्ष–अध्यक्ष

ख. गाउँपालिकाको उपाध्यक्ष -सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत -सदस्य

घ. सामाजिक विकास समितिको संयोजक- सदस्य

ङ. विद्यालय प्रधानाध्यपकहरु मध्येबाट एक जना- सदस्य

छ. शिक्षा अधिकृत -सदस्य सचिव

**५. छात्रवृति वितरण तथा व्यवस्थापन समितिको काम कर्तव्य:**

क. आवेदन माग गर्न कम्तिमा १५ दिनको सूचना प्रकाशन गर्ने

ग. आवेदन दर्ता गर्ने

घ. बजेट तथा वितरण कार्य योजना बनाउने

ङ. तथ्याङ्क सत्यापनको आवश्यक काम गर्ने

च. अन्तिम नामावली तयार गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने

छ. वितरण कार्यक्रम सञ्चालन गर्ने

झ.अनुगमन गर्ने/ गराउने

ञ) छात्रवृत्तिको लागि छनोट भएका विद्यार्थीहरुको रकम सम्बन्धित विद्यार्थीको खातामा वा निज अध्ययनरत शैक्षिक संस्थाको खातामा रकम निकासा गर्ने ।

**६.छात्रवृति वितरणको रकम/प्रकार:**

क. यस कालिका गाउपालिका भित्रका सामुदायिक विद्यालयमा विज्ञान विषय लिई कक्षा ११/१२ अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरु र गाउँपालिका बाहिर विज्ञान समूहमा अध्ययनरत १० जना विद्यार्थीलाई प्रति विद्यार्थी बढिमा रु १५०००/

ख. कालिका गाउँपालिकाको सामुदायिक विद्यालयमा प्राविधिक विषय लिई अध्ययन गर्ने कालिका गाउँपालिकाको स्थायी बसोबास भएको प्रति विद्यार्थी बढिमा रु २५०००/- का दरले

ग. सि.टि.इ.भि.टि.बाट मान्यताप्राप्त शैक्षिक संस्थामा प्राविधिक तथा स्वास्थ्यतर्फका विषय अध्ययनरत विद्यार्थीहरु मध्येबाट २५ जनालाई प्रति विद्यार्थी बढिमा रु. २०००० का दरले

घ. इन्जिनियरिङ/विज्ञान/सूचना प्रविधि/व्यवस्थापन/शिक्षा तथा मानविकी समूहममा स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्ने ४० जनालाई प्रति विद्यार्थी बढिमा रू. ५०००० दरले

ङ. मेडिकल एमविविएस ५ जनालाई प्रति विद्यार्थी बढिमा रु. १०००००/-का दरले

च. स्वास्थ्य क्षेत्रका (BN, BSC Nursing, BPH लगायत अन्य) विषयहरु अध्ययन गर्ने १५ जनालाई प्रति विद्यार्थी बढिमा रु. ५००००/- का दरले

छ. वन विज्ञान/कृषि विज्ञान/पशु विज्ञानका २० जनालाई प्रति विद्यार्थी बढिमा रु ५००००/- का दरले

ज. कानून पत्रकारिता/ सामाजिक विज्ञान अध्ययन गर्ने १५ जनालाई प्रति विद्यार्थी बढिमा रू. ४००००/- का दरले

झ. कालिका हिमालय क्याम्पसमा स्नातक तह र स्नातकोतर तहमा अध्ययनरत कालिका गाउँपालिकाका सबै बुहारीहरुलाई बुहारी छात्रवृति स्नातकमा बढिमा रू. १२५०० र स्नातकोतरमा प्रति विद्यार्थी बढिमा रु २००००/- का दरले

ञ. कालिका हिमालय क्याम्पसमा स्नातक तह र स्नातकोतर तहमा अध्ययनरत कालिका गाउँपालिकाका छोरीहरु मध्ये ७० जनालाई स्नातकमा बढिमा रु. १२५०० र स्नातकोतरमा ३० जनालाई प्रति विद्यार्थी बढिमा रु २०००० का दरले

ट. दलित/ अपाङ्ग/ द्वन्द पिडित सबैलाई क्रमश स्नातक स्नातकोतरमा प्रति विद्यार्थी बढिमा रु १२५०० र २००००/ प्रदान गरिने छ।

**७.छनौटको आधार/छात्रवृतिको लागि आवस्यक योगयता:**

१. सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा हासिल गरेको

२. कालिकागाउँपालिकाको स्थायी वासिन्दालाई बढि प्राथमिकता

३. अघिल्लो शैक्षिक सत्रमा उत्तीर्ण भएको मार्कसिट/ग्रेडसिट

४. विद्यार्थीको प्राप्त गरेको जि पि ए लाई मूख्य आधार मानिने छ ।

५. कालिका गाउँपालिका भित्रको सामुदायिक विद्यालयमा विज्ञान विषय अध्ययनरत अन्य पालिकाका विद्यार्थीहरुलाई पनि छात्रवृत्ति वितरण गर्न सकिनेछ ।

**८. छात्रवृति प्राप्त गर्न पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

क. घरपरिवारमा कुनै सदस्यको आम्दानीको स्रोत नभएको आर्थिक अवस्था समेत उल्लेख गरिएको वडाको सिफारिस

ख. अध्ययनरत शैक्षिक संस्थाको अध्ययन गरिरहेको सिफारिस पत्र

ग. शैक्षिक प्रमाणपत्र

घ. अध्ययन गरेको शिक्षण संस्थामा भर्ना भई अध्ययन गरिरहेको कागजात (विषय क्षेत्र परिचयपत्र, भर्ना रसिद, शैक्षिक उपलव्धिको प्रमाणपत्र, नागरिकता वा जन्म दर्ता)

ङ. समुदायिक सरकारी विश्वविद्यालयमा उच्च शिक्षा अध्ययन गरिरहेको र अन्य कुनै छात्रवृति नपाएको भनी सम्वन्धित क्याम्पसको सिफारिस

च. च.सम्वन्धित विद्यार्थी आवेदन फाराम सहित छात्रवृतिको आवश्यकता र आफ्नो प्रतिवद्धता खुलेको हस्त लिखित निवेदन

छ. बुहारी छात्रवृतिका लागि विवाह दर्ताको प्रमाणपत्र

**९. संसोधन र बचाउ:**

यस कार्यविधिमा उल्लेखित कुराहरुमा कुनै संसोधन गर्नुपरेमा सम्वन्धित प्रचलित ऐन नियमको परिधि भित्र रहि गाउँपकार्यपालिकाले तयार गरे अनुसार रहने छ । यस कार्यविधिमा उल्लेख गरिएका कुराहरूको हकमा यसै कार्यविधि अनुसार गर्नु पर्ने

# अनुसूची १
## आवेदन फाराम

मितिः

**श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**कालिका गाउँ कार्यपालिकाको कार्यालय,**
**धैबुङ, रसुवा ।**

**विषयः छात्रवृत्ति सिफारिस सम्बन्धमा ।**

प्रस्तुत विषयमा कालिका गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८३/०२/१९ गतेको सूचना अनुसार उक्त सूचना अनुरूप रहेको छात्रवृत्ति पाउन योग्य भएकाले आवश्यक कागजात संलग्न गरी तपशीलको विवरण सहित श्रीमान समक्ष छात्रवृत्ति प्राप्त गर्न सिफारिस गरिदिनुहुन अनुरोध गरिन्छ।

**तपसिलः**

| | | |
|---|---|---|
| १ | नामः | |
| २ | अध्ययन गरेको तहः | |
| ३ | वर्ष र सेमेस्टरः | |
| ४ | अध्ययन गरेको संस्थाको नामः | |
| ५ | विषय क्षेत्रः | |
| ६ | बुबाको नामः | पेशाः |
| | ठेगानाः | ना.प्र.न. |
| ७ | आमाको नामः | परिवारको सदस्य संख्याः |
| ८ | बैंकको खाता नम्बरः | |
| ९ | बैंकको नामः | |
| १० | खाता रेहेको बैंकको ठेगानाः | |

निवेदक
नामः
सहिः
ठेगानाः
सम्पर्क नम्बरः